एम्नेस्टी इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल नेपाल

# चौतिसौं साधारण सभा

## सिमरा, बारा, मधेश प्रदेश

२०८२ मङ्सिर ०३ र ०४ (१९ र २० नोभेम्बर

# माइन्युट

(आन्तरिक दस्तावेज-एम्नेस्टी नेपालका सदस्यहरूका लागि मात्र)

मितिः २०८२/०८/१२

श्री नेसनल बोर्ड
एम्नेस्टी इन्टरनेसनल नेपाल,
एम्नेस्टी मार्ग, बालाजु, काठमाडौं।

**विषयः चौतिसौं साधारण सभाको माइन्युट पेश गरेको बारे।**

मिति २०८२ मङ्सिर ३ र ४ गते (नोभेम्बर १९ र २०) मा बाराको सिमरामा सम्पन्न एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको चौतिसौं साधारण सभाको छलफल तथा निर्णयहरूलाई लिपिबद्ध गरी माइन्युट तयार गर्ने प्रतिवेदकको गहन जिम्मेवारी सो साधारण सभाले हामी दुई जनालाई प्रदान गरेकोमा उक्त जिम्मेवारीको लागि प्रस्ताव गर्ने नेसनल बोर्ड तथा निर्णय गर्ने साधारण सभालाई धन्यवाद दिन चाहन्छौं।

उक्त साधारण सभामा भएका एजेण्डाअनुसारका छलफल र निर्णयहरूलाई लिपिबद्ध गरी तयार गरिएको व्यहोरा नेसनल बोर्डसमक्ष जानकारी गराउँदै साधारण सभाको सो माइन्युट यसैसाथ पेश गरेका छौं।

राधिका भुसाल, समूह ४०
प्रतिवेदक, चौतिसौं साधारण सभा

प्रयास चौधरी, व्यक्तिगत सदस्य
प्रतिवेदक, चौतिसौं साधारण सभा

# एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको चौतिसौं साधारण सभाको प्रतिवेदन तथा निर्णयहरू

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखा (एम्नेस्टी नेपाल) को चौतिसौं साधारण सभा मिति २०८२ मंसिर ०३ र ०४ गते (तदनुसार सन् २०२५ नोभेम्बर १९ र २०) बारा जिल्लाको जितपुर सिमरा उपमहानगरपालिकास्थित होटल इक्षामा सम्पन्न भयो। उक्त साधारण सभामा मिति २०८२ भाद्र ०६ गतेदेखि असोज २८ का बीच विभिन्न आठ स्थानहरूमा एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को आठौं संशोधन २०८१ (सन् २०२३) को दफा १० बमोजिम आयोजना गरिएका प्रादेशिक/क्षेत्रीय भेलाहरूमार्फत चयन भएका **१०० जना प्रतिनिधिहरूमा** कोशी प्रदेशका १४ जना प्रतिनिधिमध्ये १२ जना, मधेश प्रदेशका आठ जना प्रतिनिधि मध्ये पाँचजना, बागमती प्रदेश (उपत्यका बाहिर) का १७ जना प्रतिनिधिमध्ये १५ जना, बागमती प्रदेश (उपत्यका भित्र) का २७ जना प्रतिनिधिमध्ये २६ जना, गण्डकी प्रदेशका १० जना प्रतिनिधिमध्ये ०९ जना, लुम्बिनी प्रदेशका १० जना प्रतिनिधिमध्ये छजना, कर्णाली प्रदेशका पाँच जना प्रतिनिधिमध्ये तीन जना, र सुदूर पश्चिम प्रदेशका नौजना प्रतिनिधिमध्ये नवैजना गरी जम्मा **८५ जना प्रतिनिधिले** सहभागिता जनाएका थिए। नेसनल बोर्डद्वारा पर्यवेक्षकका रूपमा सहभागी गराइएका २ जना पर्यवेक्षक, नेसनल बोर्डका **९ जना** पदाधिकारी र सदस्य, पुनरावेदन समितिका संयोजक र सदस्य (**२ जना**), एम्नेस्टी नेपाल शाखाका **पूर्व अध्यक्षहरू (८ जना)**, नोमिनिसन कमिटिका संयोजक र सदस्यहरू (**३ जना**), प्रेपकम सदस्यहरू (**२ जना**), निर्वाचन अधिकृत (१ जना), राष्ट्रिय सचिवालयका कर्मचारी (९ जना), स्वयंसेवक (४ जना) र प्यानल सेसनमा सहभागी प्यानलिस्ट र सहजकर्ता ५ जना, प्रमुख अतिथि एक जना, अन्य अतिथिहरू (२ जना) समेत गरी **१३३ जनाको** उक्त साधारण सभामा उपस्थिति रहेको थियो। प्रमुख अतिथिका रूपमा राष्ट्रिय मानवअधिकार आयोग मधेश प्रदेश कार्यालयका प्रमखु बुद्ध नारायण सहनी केवत लगायत बारा जिल्लाका नागरिक समाज सङ्घ संस्थाका प्रतिनिधि, पत्रकार तथा मानवअधिकारकर्मीहरूको पनि साधारणसभाको उद्घाटन सत्रमा उपस्थिति रहेको थियो। *(साधारण सभाका सम्पूर्ण सहभागीहरूको नामदर्ता विवरण अनुसूची १ मा रहेको छ।)*

यस साधारण सभाले संस्थाको आ.व. ०८१/८२ को आर्थिक/लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने, आ.व. ०८२/०८३ को लेखा परीक्षणका लागि लेखापरीक्षकको नियुक्ति गर्नेसम्बन्धी जिम्मेवारी नेसनल बोर्डलाई तोक्ने, नेसनल बोर्डद्वारा प्रस्तुत एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको गभर्नेन्ससम्बन्धी प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने, निर्देशकद्वारा प्रस्तुत आ.व. ०८१/०८२ को कार्यक्रम कार्यान्वयनसम्बन्धी प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने, सन् २०२६ का लागि प्रस्तावित कार्यक्रम र बजेटमाथि छलफल गरी अनुमोदन गर्ने निर्णय गरेको छ। त्यस्तै एम्नेस्टी नेपाल शाखाको विधान संशोधनसम्बन्धी प्रस्तावउपर पनि छलफल गरी निर्णय गरेको छ। साथै रिक्त रहेको प्रेपकम महिला सदस्य पदमा निर्वाचन पनि सम्पन्न गरेको छ।

**उद्घाटन सत्र**
**मिति : २०८२ मङ्सिर ३ गते (१९ नोभेम्बर २०२५), बुधबार।**
**स्थान : होटल इक्षा, सिमरा, बारा।**

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको ३४ औं साधारण सभाको उद्घाटन सत्र बारा जिल्लाको सिमरास्थित होटल इक्षाको सभाहलमा सम्पन्न भएको थियो। एम्नेस्टी नेपालका महासचिव शचिता कुईंकेलद्वारा सञ्चालित यस उद्घाटन सत्रको कार्यक्रमको अध्यक्षता एम्नेस्टी नेपालका अध्यक्ष बिपिन बुढाथोकीले गर्नु भएको थियो भने **प्रमुख अतिथिका रूपमा राष्ट्रिय मानवअधिकार आयोग मधेश प्रदेश कार्यालयका प्रमुख बुद्ध नारायण सहानी केवत** उपस्थित रहनु भएको थियो। विशिष्ट अतिथिका रूपमा बरिष्ठ पत्रकार तथा मानवअधिकारकर्मी पुरूषोत्तम दाहल रहनुभएको थियो भने अन्य अतिथिहरूमा बुद्धिजीवी र राजनीतिक विश्लेषक चन्द्रकिशोर, अध्यता कैलाश राई, द्वन्द्वपीडित साझा चौतारीका संस्थापक महासचिव रामकुमार भण्डारी, कानुनव्यवसायी तथा मानवअधिकारकर्मी शैलेन्द्र अम्बेड्कर, विष्णु आचार्य (प्रणेता) उपस्थित रहनुभएको थियो।

कार्यक्रम सञ्चालनको क्रममा महासचिव कुईंकेलले साधारण सभाले संस्थाको वार्षिक प्रतिवेदन, कार्ययोजना, बजेट र केही संस्थागत नीति तथा विधान संशोधनसम्बन्धी प्रस्तावहरूमाथि छलफल गरी पारित गर्ने जानकारी गराउनुभएको थियो।

सभामा उपस्थित सबै प्रतिनिधि, पर्यवेक्षक र अतिथिहरूलाई हार्दिक स्वागत गर्दै उहाँले सहभागीहरूलाई शीष्ट, मर्यादित, अनुशासित र मानवअधिकारका मूल्य, मान्यता र सिद्धान्तअनुकूल व्यवहार गर्न अनुरोध गर्नुभएको थियो। साथै यौन दुर्व्यवहारविरुद्ध एम्नेस्टी नेपालको शून्य सहनशीलताको नीतिका बारेमा जानकारी गराउँदै यदि कसैले यौन दुर्व्यवहारजन्य व्यवहार महशुस गरेमा नेसनल बोर्ड वा सचिवालयलाई तत्काल जानकारी गराउन अनुरोध गर्दै कुनै पनि खालका अवाञ्छित गतिविधिहरू भए गरेको पाइएमा संस्थाको नीति, नियम र प्रचलित कानुनबमोजिम हुने व्यहोरा जानकारी गराउनुभएको थियो। साथै उहाँले उद्घाटन सत्रको कार्यक्रमको भिडियो रेकर्डिङ हुने जानकारी गराउदै त्यसका लागि सबैको अनुमति लिनु भएको थियो।

त्यसपछि महासचिव कुईंकेलले प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिहरू, प्रतिनिधि, पर्यवेक्षक, स्थानीय नागरिक समाज र सङ्घ संस्थाका प्रतिनिधिलगायत सबै सहभागीलाई आसन ग्रहण गराउनुभएको थियो। सोपछि एम्नेस्टी नेपालमा आबद्ध बारास्थित **स्थानीय समूह २४ का पूर्व संयोजक दामोदर प्रसाद यादवले** साधारण सभामा देशभरीबाट सहभागी हुन आइपुगेका सम्पूर्ण सहभागीहरूलाई स्वागत मन्तव्य राख्नुभएको थियो।

स्वागत मन्तव्यपछि उद्घाटन सत्रका **प्रमुख अतिथिका रूपमा राष्ट्रिय मानवअधिकार आयोग मधेश प्रदेश कार्यालयका प्रमुख बुद्ध नारायण सहानी केवतले एम्नेस्टी इन्टरनेसनलको प्रतिक मैनबत्ती प्रज्वलन** गरी ३४ औं साधारण सभाको औपचारिक उद्घाटन गर्नुभएको थियो।

सोपछि एम्नेस्टी नेपाल **शाखाका संस्थापक नुतन थपलियाको** शुभकामना संदेशको भिडियो प्रसारण गरिएको थियो जसमा उहाँले आफू राणा शासन कालमा लामो समयका लागि राजनीतिक बन्दी बनाइएको अवस्थालाई स्मरण गर्दै आफूले बन्दीहरूको भावना, आकाङ्क्षा, मनोदशा र दुःखलाई गहिरोसँग बुझेकोले आफू बेलायतमा गएर एम्नेस्टीका बारेमा थाह पाएपछि एम्नेस्टीको गतिविधिहरूलाई नेपालमा ल्याउनका लागि पहल गरेको उल्लेख

गर्नुभएको थियो। त्यस समयमा खुलेर गतिविधि गर्न, लेख्न र बोल्न पाउने अवस्था नभएकोले लुकी लुकी बन्द कोठामा कार्यक्रम गर्नुपर्ने अवस्था रहेको पनि बताउनुभयो। विधिको शासन, सुशासन र भ्रष्टाचारको अन्त्यका लागि जेनजीहरूको आवाजमा आफ्नो पनि समर्थन र ऐक्यबद्धता रहेको जानकारी गराउनुहुँदै उहाँले ३४ औं सधारणसभाको सफलताको कामना गर्नुभयो।

संस्थापक नुतन थपलियको मन्तव्यपछि एम्नेस्टी नेपालका समूह ५५, समूह ८०, रामपुर युथनेटवर्क र फ्युजन युथनेटवर्कहरूलाई उनीहरूद्वारा आर्थिक वर्ष २०८१/८२ मा भए गरिएका उत्कृष्ट गतिविधि र अभियानका लागि सम्मान गरिएको थियो।

उद्घानटन सत्रको क्रममा देहायायका अतिथि वक्ताहरूले आफ्नो शुभकमना मन्तव्य राख्नुभएको थियो :

1. **बरिष्ठ पत्रकार पुरूषोत्तम दाहल**
2. **एम्नेस्टी नेपलाका पूर्व अध्यक्ष चरण प्रसाईं**
3. **प्रमुख अतिथि राष्ट्रिय मानवअधिकार आयोग मधेश प्रदेश कार्यालयका प्रमुख बुद्ध नारायण सहानी केवत र**
4. **एम्नेस्टी नेपालका अध्यक्ष बिपिन बुढाथोकी**

उद्घाटन सत्रमा आफ्नो मन्तव्य राख्नुहुँदै **बरिष्ठ पत्रकार र मानवअधिकारवादी पुरूषोत्तम दाहालले** समाजमा कानुनविहीनता र अराजकताको अवस्था पैदा भैराखेको जस्तो देखिन थालेकोमा चिन्ता व्यक्त गर्नुभएको थियो। उहाँले राज्यका निकायहरू लगायत सबैले विधिको शासन र जवाफदेहिता तथा पारदर्शिताको आधारभूत तत्वहरूलाई सम्मान र परिपालना गर्ने संस्कृतिको आवश्यकतामाथि जोड दिनुभएको थियो। यस्ता सवालमा आवाज बुलन्द गर्ने एम्नेस्टी जस्ता संघसंस्थाहरूलाई घेराबन्दी गर्ने र प्रतिशोधात्मक शैलीमा लक्षित गर्ने परिपाटी विकसित भएकोमा उहाँले चिन्ता व्यक्त गर्नुभएको थियो। त्यसैले पहिले भन्दा अहिले अझ धेरै यी संस्थाहरूको सक्रियता जरूरी रहेको बताउनुभएको थियो।

**बरिष्ठ मानवअधिकारकर्मी तथा एम्नेस्टी नेपालका पूर्व अध्यक्ष चरण प्रसाईंले** पनि सहभागीहरूलाई स्वागत गर्दै नेपालको वर्तमान मानवअधिकार परिस्थिति विशेषगरी जेनजीहरूको विरोध प्रदर्शनपछि आएको सन्दर्भलाई समेत उल्लेख गर्दै एम्नेस्टी नेपालजस्ता संस्थाहरूको गम्भीर भूमिकाको अझ सक्रिय आवश्यकता रहेको चर्चा गर्नुभयो। यस्ता संघ संस्थाहरूले मानवअधिकारसम्बन्धी सचेतना फैलाएर, लामो अवधिका अभियानहरू सञ्चालन गरेर, मानिसहरूलाई परिचालन गरेर तथा सामूहिक ऐक्यबद्धता, आवाज र कार्यसम्बन्धी सन्देशहरू प्रवाह गरेर सकारात्मक भूमिका खेल्ने उहाँले बताउनुभयो। त्यस्तै एम्नेस्टी नेपालभित्रका आन्तरिक साङ्गठनिक चुनौतीहरूका सवालमा सबै पक्षहरू मिलेर सौहार्दपूर्ण तवरमा अगाडि बढ्न र संस्थागत जोखिमताहरूलाई गम्भीरताका साथ लिन अध्यक्ष लगायत सबैलाई अनुरोध गर्नुभएको थियो।

**प्रमुख अतिथि राष्ट्रिय मानवअधिकार आयोग कार्यालयका मधेश प्रमुख श्री बुद्ध नारायण साहानी केवतले** आफ्नो मन्तव्यमा मधेश प्रदेशका मानवअधिकार चुनौतीहरूमाथि चर्चा गर्नुभएको थियो। व्यापक गरिबी, कमजोर स्वास्थ्य प्रणाली, गहिरो जातीय विभेद र हिंसा, बालविवाह, बढ्दो घरेलु हिंसा र जलवायु परिवर्तनका तीव्र प्रभावहरूले जनजीवन र जीविको पार्जनमा पारेका असरहरूका बारेमा उहाँले प्रकाश पार्नुभएको थियो। उहाँले मानवअधिकार

रक्षक समुदाय कमजोर हुँदै गएको अवस्थाबारे पनि उल्लेख गर्दै भन्नुभएको थियो र राज्यको जवाफदेहिता र कामयावी लोकतन्त्रबिना यसमा अर्थपूर्ण प्रगति हाँसिल गर्न सम्भव नभएको बताउनुभयो।

उद्घाटन सत्रको समापन मन्तव्य राख्दै एम्नेस्टी नेपालका **अध्यक्ष बिपिन बुढाथोकीले** साधारण सभालाई मानवअधिकारप्रतिको सामूहिक प्रतिबद्धतालाई थप सुदृढ पार्ने एउटा महत्त्वपूर्ण क्षण रहेको चर्चा गर्नु भएको थियो। देश महत्त्वपूर्ण राजनीतिक परिवर्तनको चरणबाट गुज्रिरहेको बेला मानवअधिकारका मुद्दाहरूमा हाम्रो ध्यान झनै आवश्यक बनेको र साधारण सभाका छलफल र निर्णयहरूले आगामी वर्ष तथा त्यसपछि पनि संस्थाको कामकारबाहीलाई मार्गदर्शन गर्ने, रणनीतिक प्राथमिकताहरूलाई अझ परिष्कृत र सुदृढ बनाउने र देशभरका एम्नेस्टीका सदस्यहरूको एकता तथा सहभागितालाई बलियो बनाउने विश्वास व्यक्त गर्नुभएको थियो। साथै संस्थागत जोखिमताहरूको बारेमा आफू सचेत रहेको र संस्थागत हितलाई केन्द्रमा राखेर आफू अघि बढ्न सँधै तत्पर रहेको पनि बताउनुभएको थियो।

दोस्रो दिनको पहिलो सत्रमा **"अन्तरपुस्ता संवादः कानूनी शासन, जवाफदेहिता र मानवअधिकारको संस्कृतिलाई जगेर्ना गर्न युवाहरूले के योगदान गर्न सक्छन्?"** शीर्षकमा प्यानल छलफल गरिएको थियो। प्यानलिस्टहरूमा राजनीतिक चिन्तक तथा विश्लेषक चन्द्रकिशोर झा, आदिवासी जनजाति अधिकार विज्ञ तथा शोधकर्ता कैलाश राई, द्वन्द्वपीडित साझा चौतारीका संस्थापक महासचिव तथा अभियन्ता डा. रामकुमार भण्डारी र कानुन व्यवसायी शैलेन्द्र अम्बेडकर वक्ताका रूपमा सहभागी रहनुभएको थियो। प्यानल छलफललाई अभियन्ता विष्णु आचार्य (प्रणेता)ले सहजीकरण गर्नुभएको थियो।

नेपालको वर्तमान राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक अधिकारको परिवेशमा केन्द्रित रहेको उक्त छलफलमा झाले मधेश प्रदेशमा रहेका तत्कालीन मानवअधिकार चुनौतीहरूलाई उजागर गर्दै संरचनागत असमानताले कसरी पछाडि परेका समुदायहरूलाई प्रभावित गरिरहेकै छ भन्ने विषयमा चर्चा गर्नुभएको थियो। राईले हालै जेनजी नेतृत्वमा भएका विरोध प्रदर्शनपछि तीव्र रूपमा बदलिँदो परिस्थितिको विश्लेषण गर्दै सामाजिक समन्वय कायम राख्नु र कानुनी शासनलाई सुनिश्चित गर्नुको महत्त्वमाथि जोड दिनुभएको थियो।

विगत र वर्तमानमा जारी रहेका दण्डहीनताको श्रृङ्खलालाई उजागर गर्दै डा. भण्डारीले द्वन्द्वकालीन मानवअधिकार दुर्व्यवहार र हिंसाका घटनाहरूमा लामो समयदेखिको जवाफदेहिताविहीनताबाट सरकारको जवाफदेहिता र जिम्मेवारीबाट भाग्ने प्रवृत्ति उदाङ्गिएको र नेपालमा डरलाग्दो दण्डहीनताको संस्कृति विकास हुन पुगेको चर्चा गर्नुभयो। अम्बेडकरले नेपाली समाजमा व्यापक रूपमा जरा गाडेर रहेको जातीय विभेद—जुन कानुनदेखि गाउँघरको दैनिकीसम्म देखिन्छ—को उजागर गर्दै काठमाडौं र देशका अन्य भागबीचको निरन्तर असमानतालाई पनि उल्लेख गर्नुभयो।

साधारण सभा सुरू हुनु अघि एम्नेस्टी नेपालका सदस्यहरूले एउटा सार्वजनिक याक्सन पनि गरेका थिए। जसमा सुडानमा जारी मानवअधिकार संकटको अन्त्यका लागि आवाज उठाइएको थियो। यस कार्यक्रममा एम्नेस्टी इन्टरनेसनलको विश्वव्यापी अभियानको चर्चा गरिएको थियो जसले विश्वका नेताहरूलाई सुडानको दुरावस्था संसारकै सबैभन्दा ठूलो मानवीय संकट भएकोले त्यहाँ जारी अत्याचार र व्यापक दुर्व्यवहारहरूलाई शीघ्र समाधान गर्न आवश्यक कदम उठाउन आग्रह गरिएको छ।

## बन्द सत्र

**मिति : २०८२ मङ्सिर ४ गते (२० नोभेम्बर २०२५), बिहिबार।**
**स्थान : होटल इच्छा, सिमरा, बारा।**

### गणपूरक सङ्ख्याको जानकारी

३४ औं साधारण सभाको बन्द सत्रलाई अघि बढाउँदै बन्द सत्रका अध्यक्ष श्री बिपिन बुढाथोकीले मिति २०८२ भाद्र ०६ देखि असोज २८ का बीच नेपालका विभिन्न आठ स्थानहरूमा एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को आठौं संशोधन २०८१ (सन् २०२३) को दफा १० बमोजिम आयोजना गरिएका प्रादेशिक/क्षेत्रीय भेलाहरूमार्फत चयन भएका **१०० जना प्रतिनिधिहरूमा** कोशी प्रदेशका १४ जना प्रतिनिधिमध्ये १२ जना, मधेश प्रदेशका आठ जना प्रतिनिधिमध्ये पाँचजना, बागमती प्रदेश (उपत्यका बाहिर) का १७ जना प्रतिनिधिमध्ये १५ जना, बागमती प्रदेश (उपत्यका भित्र) का २७ जना प्रतिनिधिमध्ये २६ जना, गण्डकी प्रदेशका १० जना प्रतिनिधि ०९ जना, लुम्बिनी प्रदेशका १० जना प्रतिनिधिमध्ये छजना, कर्णाली प्रदेशका पाँच जना प्रतिनिधिमध्ये तीन जना, र सुदूर पश्चिम प्रदेशका ९ जना प्रतिनिधिमध्ये नवैजना गरी जम्मा **८५ जना प्रतिनिधिले** सहभागिता जनाएकाले नियमानुसार साधारण सभा सञ्चालनका लागि गणपूरक सङ्ख्या पूरा भएको जानकारी सभालाई गराउनुभयो।

### ३४ औं साधारण सभाको कार्यसूची (एजेन्डा) प्रस्तुत र अनुमोदन

गणपूरक सङ्ख्याको जानकारी पश्चात् साधारण सभाका अध्यक्ष बिपिन बुढाथोकीले नेसनल बोर्डद्वारा प्रस्तावित ३४ औं साधारणसभाको एजेन्डा (कार्यसूची) वाचन गरेर सुनाउनुभयो। प्रस्तावित एजेण्डामा ३७ वटा समूह र युथनेटवर्कहरूद्वारा अति जरूरी र गम्भीर प्रस्तावका रूपमा दर्ता गरेको प्रस्तावलाई पनि नेसनल बोर्डमा छलफल गरी समावेश गरिएको जानकारी गराउनुभयो।

त्यसपश्चात् सो एजेन्डाका बारेमा आफ्नो विचार राख्न वा एजेण्डा थप घट केही गर्नु पर्ने भएमा सोका बारेमा जानकारी गराउन सभालाई अनुरोध गर्नुभयो। समूह ५५ का गिता तिमिल्सिनाले विधान संशोधनको प्रस्तावलाई प्रथम एजेन्डा बनाउन अनुरोध गर्नुभयो। समूह ३४ का अन्नश्री भण्डारीले पनि क्षेत्रीय भेला र त्यहाँ हुने चुनावलाई खारेज गर्नेगरी निर्णय गरेर मात्र अन्य विषयमा प्रवेश गर्न अनुरोध गर्नु भयो। समूह २७ का सुमन बसौलाले विधान संशोध प्रस्ताव निकै नै महत्त्वपूर्ण रहेको र दिग्गज अग्रजहरूले निकै नै सोच विचार गरेर प्रश्तुत गर्नुभएको कुरालाई गम्भीरताका साथ लिन बोर्डलाई अनुरोध गर्दै सोको बारेमा निर्णय गर्न सभा सक्षम रहेको पनि जानकारी गराउनुभयो। क्वालिटि युथनेटवर्ककी रोशनी खड्काले सभाअध्यक्षलाई अति जरूरी प्रस्तावका बारेमा हाउसलाई खुलस्त पारामा सबैले बुझ्ने गरी राखिदिन आग्रह गर्नुभयो।

सभाअध्यक्ष बुढाथोकीले एम्नेस्टीको नर्म्स् र स्ट्याण्डर्डअनुसार *अकाउन्टेबिलिटि* सत्र समापन गरेपछि मात्र अन्य विषयहरूमा प्रवेश गर्ने जानकारी गराउनुभयो। विधान संशोधनको विषयमा आफूले छलफलका लागि पर्याप्त समय प्रदान गर्ने जानकारी गराउनुभयो। अति जरूरी प्रस्तावका रूपमा जे विषय उठान गरिएको छ त्यसका विषयमा पनि हाउसको सुझावका साथ अगाडि बढ्ने जानकारी गराउनुभयो। समूह ४३ का प्रतिनिधि बुद्धरत्न मानन्धरले निर्वाचनको कार्यक्रम भन्दा विधान संशोधनको विषयलाई अगाडि राख्न अनुरोध गर्नुभयो। सभाअध्यक्षले निर्वाचन विधान संशोधन प्रस्तावमा छलफल भएपछि मात्र हुने जानकारी गराउनुभयो। युनाइटेड युथनेटवर्कका शेखर

चालिसेले संस्थाको कानुनको रूपमा रहने विधानको विषयमा छलफल गरेर मात्रै अन्य विषयमा अघि बढ्न अनुरोध गर्नुभयो। नेपाल युथनेटवर्कका सुसान्त पराजुलीले विधान संशोधनको छलफललाई प्रस्तावित एजेण्डामुताबिककै समयमा राख्न अनुरोध गर्नुभयो।

त्यसपछि सभाअध्यक्षले जवाफदेहिता सत्र सकेर नै विधान संशोधनको प्रस्तावमा प्रवेश गर्ने नेसनल बोर्डमा सल्लाह भएको जानकारी गराउनुभयो। फरक मत अझै भए हाउसलाई नै निर्णय गर्न जिम्मा दिने बताउनुभयो।

मतैक्यता नदेखिएपछि अध्यक्षले प्रस्तावित एजेण्डाअनुसार नै अघि बढ्ने भन्ने पक्षका प्रतिनिधिहरूलाई भोटिङ्ग कार्ड उठाउन अनुरोध गर्नुभयो। ४७ जनाले भोटिङ्ग कार्ड उठाएपछि कुल उपस्थित ८५ प्रतिनिधिमध्ये सो सङ्ख्या बहुमत भएकोले ३४ औं साधारण सभाको छलफल र कार्यसूची (एजेन्डा) बहुमतले अनुमोदन भएको सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** नेसनल बोर्डद्वारा प्रस्तुत ३४औं साधारण सभाको छलफलको कार्यसूची (एजेण्डा) साधारण सभामा पेश गरिएकोमा साधारण सभाले उक्त एजेण्डालाई बहुमतले अनुमोदन गर्ने निर्णय गर्यो।

## प्रतिवेदक र टेलरको अनुमोदन

त्यसपछि अध्यक्ष बिपिन बुढाथोकीले ३४ औं साधारण सभाको माइनुट लेख्ने कार्यका लागि नेसनल बोर्डद्वारा प्रस्तावित गरिएका **समूह ४० का राधिका भुसाल र व्यक्तिगत सदस्य पर्यास चौधरी**लाई प्रतिवेदकका रूपमा र मतगणक (टेलर)का रूपमा राष्ट्रिय सचिवालयका कर्मचारीहरू आइटि अफिसर प्रशान्त त्रिपाठी, अभियान संयोजक अस्मिता सापकोटा, मेम्बरसिप इन्चार्ज चक्र कुमार प्रधान र कार्यालय सहायक जगन्नाथ आचार्यको नाम अनुमोदनका लागि साधारण सभामा प्रस्तुत गर्नुभयो। प्रस्तावित नामहरूमा सहभागी सबै प्रतिनिधिहरूले सर्वसम्मत रूपमा सहमति जनाउनुभएपछि अध्यक्षले उहाँहरूको नाम ३४ औं साधारण सभाबाट निर्धारित प्रयोजनका लागि स्वीकृत भएको सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** साधारण सभाले समूह ४० का राधिका भुसाल र व्यक्तिगत सदस्य पर्यास चौधरीलाई प्रतिवेदक तथा राष्ट्रिय सचिवालयका कर्मचारी आइटि अफिसर प्रशान्त त्रिपाठी, अभियान संयोजक अस्मिता सापकोटा, मेम्बरसिप इन्चार्ज चक्र कुमार प्रधान र कार्यालय सहायक जगन्नाथ आचार्यलाई टेलरमा नियुक्त गर्ने प्रस्तावलाई सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गर्यो।

## आ.व. २०८१/८२ को वार्षिक कार्यक्रम प्रतिवेदन र सन् २०२६ को कार्यक्रम तथा बजेट प्रस्तुत र पारित

सभाका अध्यक्ष बिपिन बुढाथोकीले निर्देशक निराजन थपलियालाई आ.व. २०८१/८१ को कार्यक्रम प्रतिवेदनका साथै सन् २०२६ को कार्यक्रम र बजेटका बारेमा प्रस्तुति राख्न अनुरोध गर्नुभयो। निर्देशक थपलियाले संस्थाले गरेका मानवअधिकारसम्बन्धी विविध गतिविधिहरू, तिनका प्रभाव, विभिन्न व्यवस्थापकीय विषयहरू, सदस्यताको अवस्था, बोर्डसँग समबन्धित नीति निर्माण प्रकृया, संस्थागत सुधारका गतिविधि लगायतका विषयमा पाओर पोइन्टका माध्यमबाट प्रस्तुति गर्नुभयो। त्यस्तै सन् २०२६ को कार्यक्रम र बजेटका बारेमा पनि संक्षिप्त प्रस्तुती राख्नुभयो।

उक्त प्रस्तुतिपछि सभाका अध्यक्षले त्यसमाथि छलफल खुला भएको जानकारी गराउँदै कुनै जिज्ञासा, सुझाव, प्रश्न वा अन्य कुनै प्रतिक्रिया भए त्यसका लागि नाम लेखाउन अनुरोध गर्नुभयो। तपसिलका समूहका प्रतिनिधिहरूले निम्न प्रश्न र जिज्ञासा राख्नुभयो:

**तपसिल**

(१) सुमन बसौला, समूह २७ : नेपालको वर्तमान राजनीतिक अवस्था र पछिल्लो जेन्जी विद्रोहको अवस्था, जनजीविका र जलवायु परिवर्तन लगायतका एजेण्डालाई कार्ययोजनामा थप्न आग्रह गर्दछु।

(२) रञ्जन धमला, समूह ५८ : बजेट प्लानिङ्ग र कार्यक्रम हेर्दा कर्मचारी र कार्यालय सञ्चालनका लागि मात्रै दुई करोड भन्दा बढी अर्थात ४२ प्रतिशत भन्दा बढी देखिन्छ। भोलुन्टियर अभियानमा ठूलो खर्च चाहीं कार्यालय र कर्मचारीका लागि भएको देखिन्छ। यो अलि नमिलेको हो की भन्ने मेरो प्रश्न छ। अर्को कार्यक्रम आदिका लागि इमेल पठाएकोमा रेस्पन्स ढिलो आउने वा नआउने कारण के होला? समूह र युथनेटवर्कका लागि नोमिनल यति वार्षिक बजेट भनेर यहाँ छुट्ट्याउँ अहिले नै किन भने हामीलाई कार्यक्रम गर्न धेरै गाह्रो छ।

(३) सुधाँसु लामिछाने, कृषि क्याम्पस युथनेटवर्क: फ्युजन युथनेटवर्कलाई पुरस्कृत गर्ने निर्णय गर्दाका प्यारामिटर वा रिवार्डिङ्ग क्राइटेरिया के हुन् त्यसको जानकारी गराइयोस्।

(४) रत्नराज गिरी, काभ्रे युथनेटवर्क: यहाँ रिजनल भेलासम्बन्धी निर्णय हुँदै छ आज। त्यसैले रिजनल भेलासम्बन्धी खर्च विवरणको सम्पूर्ण डेटा हामीलाई उपलब्ध गराइयोस् भन्ने अनुरोध गर्दछु।

(५) नरेश प्रसाद बराल, समूह ८२: पछिल्लो क्षेत्रीय भेलामा केही युथनेटवर्क र समूहलाई रातारात ब्यँताउने कार्य भएको छ। पोखरामा बाराही युथनेटवर्कमा त्यसै गरिएको छ। भोट बैंकको रूपमा प्रयोग गरिएको छ। यस बारेको वास्तविकता खुलस्त पारियोस्।

(६)सुकृति श्रेष्ठ, मेडिकोस् युथनेटवर्क : साउथ एसिया युथ फोरमको बारेमा प्रतिवेदनमा फोटो पनि देखिन। सबै इभेन्टको फोटो छ त्यो एउटा इभेन्टको चाहीं फोटो छैन। यस्ता *इन्टरनेसनल अपर्चुनिटिज्हरू*को बारेमा हामीलाई किन जानकारी भएन? यिनमा हामीले सहभागिता जनाउन पाउनका लागि के कस्तो प्यारामिटर चाहिने हो व्याख्या गरिदिनुहुन आग्रह गर्दछु।

(७) निरज चौधरी : क्याम्पेन एकदम कम भएको जस्तो लाग्छ। योजना बनाएअनुसार हामी सबै समूह र युथनेटवर्कहरूलाई किन परिचालन गर्न सकिरहेका छैनौं?

(८)सुशान्त पराजुली: जेन जेडसम्बन्धी कार्ययोजना सन् २०२६ मा राखौं भन्ने अनुरोध छ। हिरासतमा भएका मृत्युहरू जस्तै कैलालीमा तीन जनाको मृत्य भएको थियो, यसमा हामीले के गरिरहेका छौं? अनि साउथ एसियमा भएको युथ भेलामा हाम्रो युथनेटवर्कका एजना र अरू तीन जना सहभागी हुनुभएको रहेछ। त्यहाँ त्यसरी सहभागी गराउने कार्य कसले र कुन प्यारामिटरलाई प्रयोग गरेर गरेको हो?

(९) रबिन सिं नायक, कैलाली युथनेटवर्क : अनलाईन फर्म भर्ने बेलामा स्कृनसट गर्न बिर्सन्छन् साथीहरूले। यसमा अलि सहजिकरण गर्दा हुने।

(१०)रोशनी खड्का, क्वालिटि युथनेटवर्क : समूह र युथनेटवर्कलाई पनि ग्रोथका लागि थोरै सहयोग रकम छुट्ट्याउनका लागि अनुरोध छ।

(११) शिवेश ढुङ्गाना, दमक युथनेटवर्क: सदस्यता प्राप्त गर्ने र नविकरण प्रकृयालाई सहज बनाउनका लागि अनुरोध गर्दछु। अनलाईन माध्यमबाट सिधै नविकरण प्रकृया गर्न मिल्ने व्यवस्था भए सहज हुनेथियो।

उल्लिखित प्रतिनिधिहरूको प्रश्नलाई निर्देशक थपलियाले पालैपालो जवाफ दिनुभयो। जेनजी विद्रोह र त्यससँग जोडिएका मानवअधिकारका प्रश्न तथा युवाहरूले उठाएका सुशासन र भ्रष्टाचार अन्त्यका मुद्दाहरूमा एम्नेस्टीले आफ्नो *ओभरसाइट* कायम राखेको, साधाणसभा लगत्तै ८ डिसेम्बरमा जेनजी विरोधप्रदर्शनमा भएको बल प्रयोगसम्बन्धमा प्रतिवेदन सार्वजनिक कार्यक्रम तय गरिएको, कर्मचारी र कार्यालय खर्चका सवालमा नेपालको श्रम ऐन, २०७४ को अधिनमा रही एम्नेस्टी नेपालजस्तै अरू कम्प्यरेटरहरूसँग तुलना गरी कर्मचारीको तलब, भत्ता, सेवा र सुविधा निर्धारण गर्ने कार्य नेसनल बोर्डले गर्न सक्ने, अनलाइन माध्यमबाट सदस्यता नविकरण र प्राप्तिको प्रकृयालाई क्रमिक सुधार गरिने, इमेल रेस्पन्सहरूमा पनि केही ढिलाइ यदि भएको रहेछ भने सुधार गरिने, फ्युजन युथनेटवर्कको गतिविधिको *रिच, भिजिबिलिटी, सब्स्टयान्स* आदिको आधारमा "मस्ट इम्प्याक्टपुल" क्याम्पेनर भनिएको, साउथ एसिया फोरममा एम्नेस्टी र ननएम्नेस्टी लगायत १०/१२ जना युवाहरू सिफारिस गरिएकोमा साउथ एसिया क्षेत्रीय कार्यालयले चार जनालाई चयन गरी बोलाएको र कुन आधार र प्रकृयाका आधारमा बोलायो भन्ने कुरा उसैसँग बुझ्नुपर्ने भनी निर्देशक थपलियाले बताउनुभयो। बोर्डसँग सम्बन्धित केही थप प्रश्नहरूको जवाफ सभाअध्यक्ष बुढाथोकी आफैले दिनुभयो। त्यसपछि सभा अध्यक्षले आ.व. २०८१/८२ को वार्षिक कार्यक्रम प्रतिवेदन अनुमोदनका लागि साधारण सभामा प्रस्तुत गर्नु भएकोमा सभाका सबै प्रतिनिधिहरूले भोटिङ्ग कार्ड उठाई उक्त प्रतिवेदनलाई अनुमोदन गरेपछि अध्यक्ष बुढाथोकीले निर्देशकद्वारा प्रस्तुत आ.व. २०८१/८२ को वार्षिक कार्यक्रम प्रतिवेदनलाई साधारण सभाले अनुमोदन गरेको सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

त्यसपछि सभाअध्यक्ष बुढाथोकीले सन् २०२६ को बजेट र कार्यक्रम अनुमोदनका लागि सभासमक्ष प्रस्तुत गर्नुभयो। सभाले सो अनुमोदन गरेपछि अध्यक्षले सन् २०२६ को बजेट र कार्यक्रमलाई पनि सभाले अनुमोदन गरेको सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** साधारण सभाले निर्देशक निराजन थपलियद्वारा प्रस्तुत आ.व. २०८१/८२ को वार्षिक कार्यक्रम प्रतिवेदन तथा सन २०२६ को बजेट र कार्यक्रमलाई सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गर्यो।

## आ.व. २०८१/८२ को नेसनल बोर्डको प्रतिवेदन प्रस्तुत र पारित

सभा अध्यक्ष बिपिन बुढाथोकीले नेसनल बोर्डले गरेको काम कारबाहीको बारेमा प्रतिवेदन प्रस्तुत गर्न महासचिव शचिता कुईंकेललाई समय प्रदान गर्नुभयो।

त्यसपछि महासचिव कुईंकेलले नेसनल बोर्डको प्रतिवेदन वाचन गरेर प्रस्तुत गर्नुभयो। उहाँले गत आर्थिक वर्षमा नवलपरासी (सुस्ता पूर्व) गैंडाकोटमा सम्पन्न ३३ औं वार्षिक साधारण सभा, आठ वटा क्षेत्रीय भेलाहरू, आर्थिक वर्षभरीमा भएका आठवटा नेसनल बोर्डका बैठकहरू, ग्लोबल गभर्नेन्सअन्तर्गत ग्लोबल असेम्ब्ली र रिजनल फोरममा नेपाल शाखाको सहभागिता, संस्थाको भौतिक संपरीक्षण, लेखापरीक्षण लगायतका सवालमा सभालाई जानकारी गराउनुभयो।

महासचिवले नेसनल बोर्डको प्रतिवेदन पेश गरिसक्नुभएपछि सभा अध्यक्ष बुढाथोकीले महासचिवद्वारा प्रस्तुत गरिएको नेसनल बोर्डको प्रतिवेदनका बारेमा प्रश्न वा जिज्ञासा भए नाम टिपाई सो राख्नका लागि सहभागी

प्रतिनिधिलाई समय प्रदान गर्नुभयो।

कोही पनि प्रतिनिधिले समय माग नगर्नुभएपछि सभाअध्यक्ष बुढाथोकीले महासिचव कुईंकेलद्वारा प्रस्तुत गर्नुभएको नेसनल बोर्डको प्रतिवेदन अनुमोदनका लागि ३४ औं साधारण सभालाई अनुरोध गर्नुभयो। सभाले ताली बजाएर सर्वसम्मतिले उक्त प्रतिवेदन अनुमोदन गरेकोले सोको बारेमा सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** साधारण सभाले आ.व. २०८१/८२ मा नेसनल बोर्डद्वारा भए गरिएका गतिविधिहरू समावेश गरी महासचिवद्वारा प्रस्तुत गरिएको नेसनल बोर्डको वार्षिक प्रतिवेदनलाई सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गर्यो।

## आ.व. २०८१/८२ को आर्थिक तथा लेखापरीक्षण प्रतिवेदन प्रस्तुत र पारित

एम्नेस्टी इन्टरनेसनल नेपालको आर्थिक वर्ष २०८१/८२ को आर्थिक तथा लेखापरीक्षण प्रतिवेदन प्रस्तुतिका लागि सभाका अध्यक्ष बिपिन बुढाथोकीले कोषाध्यक्ष श्री होम बहादुर अधिकारीलाई समय प्रदान गर्नुभयो।

एम्नेस्टी इन्टरनेसनल नेपालको आर्थिक वर्ष २०८१/८२ को आर्थिक तथा लेखापरीक्षण प्रतिवेदन प्रतिनिधिहरूलाई इमेलबाट पनि प्रेशित गरिएको र सहभागीहरूलाई वितरित दस्तावेज पुस्तिकामा पनि समावेश गरिएको अवगत गराउँदै कोषाध्यक्ष अधिकारीले प्रतिवेदनको सङ्क्षिप्त विवरण प्रस्तुत गर्नुभयो।

आर्थिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदनको प्रस्तुतिपछि सभाका अध्यक्षले त्यसमाथि छलफल खुला भएको जानकारी गराउँदै सो प्रतिवेदनका विषयमा कुनै जिज्ञासा, सुझाव, प्रश्न वा अन्य कुनै प्रतिक्रिया भए त्यसका लागि नाम लेखाउन अनुरोध गर्नुभयो। तपसिलका समूहका प्रतिनिधिहरूले निम्न प्रश्न र जिज्ञासा राख्नुभयोः

<u>तपसिल</u>

(१) आशिका रोका, युनाइटेड युथ नेटवर्कः अध्यक्षज्यूको आर्थिक पारदर्शिताका सम्बन्धमा सबै समूह र युथ नेटवर्कका संयोजकहरूलाई इमेल आएको हुनुपर्छ यसका बारेमा केही पनि जवाफ आएन नेसनल बोर्डले कुन कुन शीर्षकमा भत्ता पाउने हो? स्पष्टताका लागि अनुरोध गर्दछु।

(२) ममता केसी, अम्विकेश्वरी युथ नेटवर्क : *फाइनान्सियल ट्रान्स्पारेन्सी* एम्नेस्टी नेपालमा कमजोर भएकै हो त? हामीलाई आर्थिक पारदर्शिताका सम्बन्धमा इमेल आइरहेको हुन्छ। कार्यक्रमहरू हुँदा कसरी होटल छानिन्छ? बोर्डले हामीलाई दिएको पुस्तक पढ्नु भयो कि भएन? पढेर पनि नपढे जस्तो गरेको हो? स्पष्टताका लागि अनुरोध गर्दछु।

(३) सुशान्त पराजुली, नेपाल युथ नेटवर्क : मेरो प्रश्न ममताजीले राखिदिनु भयो त्यसमा नै सहमति।

(४) नरेश प्रसाद बराल, समूह ८२ : बजेटमा आम्दानी भन्दा खर्च बढी देखिएको छ। घाटा बजेट देखाइएको छ। कसरी यस्तो भयो? फेरि तिर्नुपर्ने रकम पनि त्यतिकै छ। घाटा हुँदाहुँदै पनि किन मुद्दती खातामा रकम राखिएको छ? स्पष्टताका लागि अनुरोध गर्दछु।

उल्लिखित प्रतिनिधिहरूको प्रश्नलाई कोषाध्यक्ष होम बहादुर अधिकारी र एडमिन एण्ड फाइनान्स म्यानेजर कल्पना खड्काले पालैपालो जवाफ दिनुभयो। साधारण सभाको नियमावलीमा भएको व्यवस्था अनुसार तोकिएका प्रतिनिधिहरूको जवाफ पछि आर्थिक पारदर्शिता लगायतका विषयमा थप प्रष्टताका लागि उठेका प्रश्नहरूको थप जवाफ पावरप्वाइन्टका माध्यमबाट सभाध्यक्ष बुढाथोकीले प्रस्तुति दिनुभयो। त्यसपछि सभा अध्यक्षले आर्थिक

वर्ष ०८१/०८२ को आर्थिक तथा लेखा परीक्षण प्रतिवेदन अनुमोदनका लागि साधारण सभामा प्रस्तुत गर्नु भएकोमा सभाका सबै प्रतिनिधिहरूले भोटिङ्ग कार्ड उठाई उक्त प्रतिवेदनलाई अनुमोदन गरेपछि अध्यक्ष बुढाथोकीले कोषाध्यक्षद्वारा प्रस्तुत आर्थिक प्रतिवेदनलाई साधारण सभाले अनुमोदन गरेको सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** साधारण सभाले आर्थिक वर्ष ०८१/०८२ को आर्थिक तथा लेखा परीक्षण प्रतिवेदन सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गर्यो।

## आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षक नियुक्ति

सभाका अध्यक्ष बिपिन बुढाथोकीले एम्नेस्टी नेपाल शाखाका कोषाध्यक्ष होम बहादुर अधिकारीलाई आ.व. २०८२/८३ को लेखापरीक्षक नियुक्तिसम्बन्धी प्रस्ताव प्रस्तुत गर्ने समय प्रदान गर्नुभयो। कोषाध्यक्ष अधिकारीले एक सार्वजनिक सूचना जारी गरी आफ्नो दर भाउ सहित आ.व. २०८२/८३ को लेखा परीक्षण सेवा प्रदान गर्नका लागि इच्छुक लेखा परीक्षकहरूलाई प्रस्ताव पेश गर्न आह्वान गरिएकोमा उक्त प्रकृयामा सहभागी भएका रितपूर्वक आवेदन दिएका तपसिलका पाँच लेखापरीक्षकहरूलाई साधारण सभामा प्रस्तुत गर्नुभयो।

**तपसिल :**

1. R.S.& Associates
2. S & S Associates
3. Anuj Tiwari & Associates
4. S.R. Paney & Co.
5. Anup S. & Associates

कोषाधक्ष होम बहादुर अधिकारीले साधारणसभालाई उल्लखित प्रतिवेदकमध्ये कुनै एकलाई उपयुक्त समयमा नियुक्त गर्न नेसनल बोर्डलाई अधिकार प्रत्यायोजन गर्न सकिने वा साधारण सभा आफैंले नियुक्त गर्न सकिने प्रस्ताव गर्दा सभाले नेसनल बोर्डलाई अधिकार दिने कुरामा सहमती जनाएपछि सभाअध्यक्ष बुढाथोकीले सोको बारेमा सभालाई सधन्यवाद जानकारी गराउनुभ यो।

**निर्णयः** साधारण सभाले आ.व. २०८२/८३ को लेखापरीक्षण कार्य सम्पन्न गर्नका लागि आफ्नो दरभाउसहित राष्ट्रिय सचिवालयमा आवेदन दिएका उल्लिखित पाँचमध्ये कुनै एक लेखापरीक्षकलाई नियुक्ति गर्न नेसनल बोर्डलाई अख्तियारी दिने निर्णय गर्यो।

## ३७ समूह र युथनेटवर्कहरूद्वारा प्रस्तुत अति गम्भीर, विशेष र जरूरी प्रस्तावका सवालमा छलफल र निर्णय

३७ वटा समूह र युथ नेटवर्कद्वारा बोर्ड सदस्यको पद रिक्ततासम्बन्धी प्रश्न र विधान उल्लङ्घन गरिएको दावीहरूलाई सभाले सावधानी पूर्वक विचार विमर्श गर्यो। यस प्रसङ्गमा सभाध्यक्ष बिपिन बुढाथोकीले यस्ता प्रश्नको क्रममा पूर्व अध्यक्षहरूको अनुभव, निर्देशन तथा कहिले काहीं अस्पष्ट परिस्थितिमा अभ्यास गरिने डिस्क्रेश्नरी प्रोशेष र संस्थाले सर्व सम्मत उपयोग गर्न सक्ने *"वेभर क्लज"* को सुविधाको आधारमा व्यवस्थापन गर्न सकिने उल्लेख गर्नुभयो।

सभामा परिस्थितिलाई ध्यानमा राख्दै सोही प्रक्रिया अनुरूप सभालाई अघि बढ्न अनुरोध गरिएको थियो। सभाका सदस्यहरूले कुनै आपत्ती, भिन्न मत वा अतिरिक्त टप्पणी नदिएको अवस्थामा उठाइएका सबै प्रश्नहरू सभाद्वारा *वेभर* गरिएको कुरा जानकारी गराउँदै धन्यवाद व्यक्त गर्नुभयो।

**निर्णयः** साधारण सभाले ३७ समूह र युथनेटवर्कद्वारा प्रस्तुव विधान उल्लंघनसम्बन्धी सवाललाई सर्वसम्मतीले "वेभ (waive)" गर्ने निर्णय गर्यो।

## एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान संशोधसम्बन्धी प्रस्तावमाथि छलफल र अनुमोदन

एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध रहेका देवी युथनेटवर्क, फ्युजन युथनेटवर्क, लम्की युथनेटवर्क, जोसेफ युथनेटवर्क र युनाइटेड युथनेटवर्क तथा समूह २, समूह ८, समूह १६, समूह १७, समूह २१, समूह ३९, समूह ४१, समूह ४९, समूह ५०, समूह ५५, समूह ६१, समूह ७३ र समूह ८० दर्ता गराइएको **एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान, २०५८ (सन् २००१) को नवौं संशोधन प्रस्ताव**सम्बन्धी छलफललाई अगाडि बढाउँदै सभाअध्यक्ष बुढाथोकीले संशोधन प्रस्ताव दर्ता गराउने समूह ४९ वा अन्य कुनै समूह वा युथनेटवर्कलाई आफ्नो संशोधन प्रस्ताव प्रस्तुत गर्न समय प्रदान गर्नुभयो। समूह ५५, पनौतीका प्रतिनिधि गिता तिमल्सिनाले प्रस्ताव पेश गरिसकेपछि छलफलका लागि अध्यक्षले नाम टिपाउनका लागि समय प्रदान गर्नुभयो। छलफलका क्रममा स्वस्थ, मर्यादित र अनुशासित ढङ्गमा आफ्ना कुरा राख्न पनि अनुरोध गर्नुभयो। साथै संशोधनको बुँदा र दफा नंवर खुलाई अघिल्लो वक्ताले सोधेको प्रश्न नदोहोर्याई भोटिङ्ग कार्ड प्रयोग गरेर प्रश्न र टिप्पणीहरू राख्नका लागि अनुरोध गर्नुभयो।

त्यसपछि तपसिलका प्रतिनिधिहरूले देहायबमोजिमको प्रश्न र टिप्पणी राख्नुभयो:
<u>तपसिल</u>

१) **कालिका प्रसाद पण्डित, समूह ३३:** क्षेत्रीय भेला आवश्यक छैन। साधारण सभामा समूहहरू आफैले १ महिला र १ पुरुष प्रतिनिधिहरू सिफारिस गरेर पठाउने व्यवस्था हुने गरी विधान संशोधन हुनुपर्छ।

२) **नवराज वन, समूह ८०:** निर्वाचनको माध्यमबाट आज म यहाँ उपस्थित भएको छु। यसमा म खुशी छैन। मानवअधिकारको अभियानमा सक्रीय रूपमा लागेका साथीहरू यहाँ छुट्नु भएको छ। यो गलत हो। त्यसैले समूहले सिफारिस गरेर पठाउने व्यवस्था हुनुपर्छ। कार्यक्रमको दौरानमा यदा कदा सुन्ने गर्दछु कि क्षेत्रीय भेलामा गरिएको निर्वाचनको कारणले नेसनल बोर्डको बारेमा टिका टिप्पणी हुने गरेको छ। त्यसैले यो क्षेत्रीय भेलाको प्रावधानलाई हटाइयोस् भन्न चाहन्छु।

३) **नरेश प्रसाद बराल, समूह ८२:** विधान संशोधन प्रस्तावको कुरा आएको छ। केही कुरा ठीक छ केही कुरा बेठीक छ। क्षेत्रीय भेलाको प्रावधानमा निर्वाचनको प्रक्रिया मात्र हटाएर क्षेत्रीय भेलाको प्रावधान यथावत् गरियोस्। नयाँ सदस्यहरूलाई जानकारी गराउनु पर्ने भएकोले क्षेत्रीय भेला यथावत् राख्नुपर्छ। त्यसैगरी यो साधारण सभाको अध्यक्षता नेसनल बोर्डका अध्यक्षले नगरेर कसले गर्ने हो र? हामी पनि त अध्यक्ष भएर कार्यक्रम गर्दा आफूले अध्यक्षता नगरेर अर्को मानिसलाई गर्न लगाउने हो र? यो पनि हटाइयोस्।

४) **सुशान्त पराजुली, नेपाल युथ नेटवर्क :** हामी पनि थोरै समूह र युथ नेटवर्क मिलेर विधान संशोधन प्रस्ताव माथिको संशोधन प्रस्ताव लिएर आएका छौं जसलाई यहाँ प्रस्तुत गर्ने अनुमति चाहन्छौं।

त्यसपछि साधारण सभा नियमावलीको नियम नं १० को (ग) अनुसार संशोधनमाथिको संशोधन प्रस्ताव राख्न

मिल्ने देखिएकोले अध्यक्षले पराजुलीलाई उक्त प्रस्ताव पेश गर्न अनुरोध गर्नुभयो।

त्यसपछि समूह २७, समूह ५८, समूह ८२, कैलाली युथनेटवर्क, नेपाल युथनेटवर्क, रामपुर युथनेटवर्क र अम्बिकेश्वरी युथनेटवर्कको तर्फबाट एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान, २०५८ (सन् २००१) को नवौं संशोधन २०८२ सन् २०२५ को प्रस्ताव माथिको संशोधन प्रस्ताव प्रस्तुत गर्नु भयो। उक्त प्रस्तावमा उहाँले क्षेत्रीय भेलाको प्रावधानलाई यथावत राखी केन्द्रीय साधारण सभामा प्रतिनिधि चयन गर्ने प्रावधानलाई झिकिएको र साधारण सभामा सबै योग्य समूह र युथनेटवर्कका कार्यसमितिले सिफारिस गरी पठाउने एक एकजना प्रतिनिधिहरूको सहभागिताको व्यस्था गरिएको र त्यसरी सहभागीको सिफारिस गर्दा समावेशिता र विविधताको मर्मलाई ख्याल गर्न प्रोत्साहन गरिएको तथा प्रति एक हजार व्यक्तिगत सदस्यहरूबाट एक जना महिला समेत गरी दुई जना प्रतिनिधि गरी बढीमा चार जनासम्म व्यक्तिगत सदस्यहरूको तोकिएको प्रकृयाबाट सहभागिता हुने व्यवस्थालाई प्रस्ताव गरिएको सभालाई जानकारी गराउनुभयो।

सुशान्त पराजुलीको प्रस्तुतीपछि अध्यक्षले देहयायका प्रतिनिधिहरूले हात उठाएकोमा आफ्नो भनाइ राख्नका लागि समय प्रदान गर्नुभयो:

१) **सुमन बसौला, समूह २७:** हामी विधान संशोधन प्रस्ताव माथिको पूरक संशोधन प्रस्तावमा छौं। एम्नेस्टी नेपालमा प्रादेशिक भेला यत्तिकै गरिएको थिएन। यसले सबै प्रदेशका साथीहरूलाई समेट्ने गरेको छ। क्षेत्रीय भेलालाई निरन्तरता दिनुपर्छ भन्न चाहन्छु।

२) **कृतिका त्रिपाठी, नेसनल ल कलेज युथ नेटवर्क:** म विधान संशोधन प्रस्ताव नै हेर्दै थिएँ। संशोधन प्रस्तावको दफा दसमा भएको सबै व्यवस्था हटाउन वाञ्छनीय भनिएको छ। यो शब्द किन राखियो? पितृसत्तात्मक समाज भएर होला महिलाको अनिवार्य प्रतिनिधित्वको कुरा राखिएको होला तर एम्नेस्टी नेपालमा लैङ्गिक अल्पसंख्यकहरू पनि चाहिन्छ होला जस्तो लाग्छ। त्यस्तै देशमा अहिले सक्रियता आएपछि हामीले प्रदेश खारेज गरिए हुन्छ भन्ने गरेका सुन्छौं। तर यसैको आधारमा क्षेत्रीय भेला नै गलत हो भन्नु चाहीं गलत हो। फेरी साधारण सभाको अध्यक्षता पूर्व अध्यक्षले गर्ने भन्ने कुरा छ यसमा। पूर्व अध्यक्षले त सुझाव दिने, सल्लाह दिने हो। अध्यक्षता वर्तमान अध्यक्षले नै गर्नुपर्छ भन्न चाहन्छु।

३) **आदर्श पोखरेल, व्यक्तिगत सदस्य :** क्षेत्रीय भेला नगर्ने भन्ने आउँदैछ। व्यक्तिगत सदस्यको पालो कहिले आउँछ? दस वर्षपछि? कि यो व्यक्तिगत सदस्य नै नराखौं।

४) **शेखर प्रसाद चालिसे, युनाइटेड युथ नेटवर्क:** लोकतान्त्रिक प्रणालीमा शक्ति पृथकीकरणको मर्मअनुसार सभामूख र कार्यपालिका प्रमुख फरक हुनुपर्छ भन्ने लाग्छ। प्रधानमन्त्रीले सभा चलाउँदैन, सभा चलाउन सभामुख नै चाहिन्छ। त्यसैले पूर्व अध्यक्ष वा अन्य तटष्थ व्यक्तिले साधारण सभाको अध्यक्षता गर्नुपर्छ भन्ने आशय हो। यसमा धेरै विवाद नगरौं।

५) **अन्नश्री भण्डारी, समूह ३४:** आदर्श भाइले व्यक्तिगत सदस्यको कुरा गर्दा एउटा उदाहरण त अहिलेको अध्यक्ष नै हुनुहुन्छ जो दुई दुई पटक अध्यक्ष भैसक्नुभयो। यसमा व्यक्तिगत सदस्यले दुख मान्नु पर्ने केही छैन। क्षेत्रीय भेलाको विरोध गरेको होइन, चुनावको मात्र विरोध गरेको हो। मनमुटाव फैलिरहेको छ। हामीले मुठिभरका आफ्नाहरूलाई साधारणसभामा सहभागिता गराउने परिपाटीको विरोध गरेका हौं। संस्थालाई जोगाउनु पर्छ व्यक्तिलाई होइन। एम्नेस्टी नेपाल नै नरहे भोलि हामी के को सदस्य हुने भन्न चाहन्छु।

६) **विजय खरेल, समूह ३४:** हामीले क्षेत्रीय भेलाको विश्लेषण गर्दै गर्दा क्षेत्रीय भेलाबाट हामीबीच विभाजन र

ग्रुपिज्म भएको हो की भन्ने आशङ्का गरेका छौं। We found something fishy here. साधारण सभामा सबैको प्रतिनिधित्व र सहभागिता हुनुपर्छ। अहिले नै यहाँ हाम्रा धेरै साथीहरू बहिष्करणमा पर्नुभएको छ। हामी तलै मार्जिनल भएर बसेका छौं। आज विधान संशोधनको कुरा गरिरहेका छौं। तर यसमा हामी सबैको सहभागिता र प्रतिनिधित्व हुन सकेको छैन। हामीमा डिभिजन हुँदै आइरहेको छ। प्रकृयामा सबैको सहभागिता भयो भने मात्रै संस्थामाथि सबैको स्वामित्व हुन्छ। हामीले कसैलाई ढोका बन्द गरेर बाहिर राखेका छौं। अनि हामी कोही आएर यहाँ कार्यक्रम गरिरहेका छौं। प्रादेशिक भेलाका माध्यमबाट गरिने सबै निर्वाचनजन्य विभाजनकारी हतियारलाई फ्याँकौं। यदि क्षेत्रीय भेलालाई *प्रोग्राम बेस्ड* मात्र बनाउने हो भने ठिकै छ। तर हामी हाम्रो आफ्नै साथीलाई *मार्जिनलाईज* गरेर ढोका बन्द गर्ने काम नगरौं। अध्यक्ष र डायसमा बसेकाहरूले संस्था बलियो बनाउन केही त्याग पनि गर्नुपर्छ। म रोबर्ट फ्रस्टको कविताको अंश वाचन गर्न चाहन्छु : "The woods are lovely, dark and deep, But I have promises to keep, And miles to go before I sleep, And miles to go before I sleep."

७) **रोशनी खड्का, क्वालिटी युथ नेटवर्क:** क्षेत्रीय भेला हुनुभन्दा अगाडि समूह र युथ नेटवर्कले साधारण सभा सम्पन्न गर्नुपर्ने प्रावधान थियो। ११८ वटा शाखाहरूले आआफ्नो साधारण सभा गर्नुभएको थियो। उहाँहरू सबै केन्द्रीय साधारण सभामा सहभागिताका लागि योग्य नै हुनुहुन्थ्यो। तर दुःखद् के भयो भने आज यहाँ केबल ६८ वटा मात्र शाखाको सहभागिता छ। मस्ट इम्प्याक्टफुल क्याम्पेनमा अवार्डेड हुनुभएको फ्युजन युथ नेटवर्कको यहाँ सहभागिता रहेन। उहाँहरूलाई खबर गरेको भए र उपस्थित गराएको भए उहाँहरूलाई पनि खुशी लाग्ने थियो। व्यक्तिगत सदस्यहरूको कुरामा हामी समूह र युथ नेटवर्कमा सहकार्यका लागि सबै व्यक्तिगत सदस्यहरूलाई अनुरोध गर्दछु। व्यक्तिगत सदस्यहरूलाई पनि भिजुअलाईज हुने खाले गतिविधि गर्दा राम्रै हुन्थ्यो।

त्यसपछि सभाअध्यक्ष बुढाथोकीले साधारण सभा नियमावली नं १० को (घ) मा रहेको प्रावधानअनुसार मूल प्रस्तावकर्ता र मूल प्रस्तावमा संशोधनकर्ताले राखेको प्रस्तावलाई मूल प्रस्तावकर्ताले स्वीकार गरेमा संशोनधकर्ताको प्रस्तावलाई नै मूल प्रस्तावका रूपमा लिइने र सो नगरेमा दुवै प्रस्तावमा अलग अलग भोटिङ्गका माध्यमबाट निर्णय गरिने जानकारी गराउनुभयो। नेसनल बोर्ड, पूर्व अध्यक्षज्यूहरू तथा निर्देशकस समेत बसेर सल्लाह गरेकै भावनाअनुरूप आएको यस संशधोन प्रस्तावलाई स्वीकार गरेर अगाडि बढाएमा उपयुक्त हुन सक्ने अध्यक्षले सुझाव दिनुभयो। त्यसपछि मुल प्रस्तावकर्ताका तर्फबाट समूह ५५ का गिता तिमल्सिनालाई मूल प्रस्तावमाथिको संशोधन प्रस्ताव स्वीकार गर्नुहुने हो वा होइन भन्ने कुरामा प्रकाश पार्न अनुरोध गर्नुभयो। संशोधन प्रस्ताव माथिको संशोधनलाई मूल प्रस्ताव बनाएर अगाडि बढाउन गिता तिमल्सिनाले अनुमती दिनुभयो।

हरेक वर्ष विधान संशोधन गर्नु उचित र संस्थाका लागि हितकर नहुने कुरा राख्दै धेरै विषयहरूमा गहिरो अध्ययन गरेर आगामी दिनमा विज्ञहरूसँग परामर्श गर्दै संशोधनका सन्दर्भमा नेसनल बोर्डले काम गर्ने निवेदन गर्दै सभाअध्यक्षले संशोधन प्रस्तावमाथिको संशोधन प्रस्तावलाई ग्रहण गर्ने सबै प्रतिनिधिहरूलाई भोटिङ्ग कार्ड उठाएर अनुमोदन गर्न अनुरोध गर्नुभयो। सबै प्रतिनिधिहरूले उक्त प्रस्तावलाई भोटिङ्ग कार्ड उठाएर स्वीकार गरेको जनाउनुभएपछि विधान संशोधन माथिको संशोधन प्रस्ताव सर्वसम्मतीले पारित भएको सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** ३४ औं साधारण सभाले क्षेत्रीय भेलाबाट केन्द्रीय साधारण सभाका लागि प्रतिनिधि चयन गर्ने प्रावधानलाई हटाई क्षेत्रीय भेलाका अन्य काम, कर्तव्य र अधिकार यथावत राख्दै संस्थाको केन्द्रीय वार्षिक साधारण सभामा

सबै योग्य समूह र युथनेटवर्कका कार्यसमितिले नै सिफारिस गरी पठाउने एक एकजना प्रतिनिधिहरूको सहभागिता गर्ने र त्यसरी सहभागीको सिफारिस गर्दा समावेशिता र विविधताको मर्मलाई ख्याल गर्न प्रोत्साहन गर्ने तथा प्रति एक हजार व्यक्तिगत सदस्यहरूबाट एक जना महिला समेत गरी दुई जना प्रतिनिधि गरी बढीमा चार जना व्यक्तिगत सदस्यहरूलाई पनि तोकिएको प्रकृयाबाट साधारण सभामा सहभागिता गराउने गरी प्रस्ताव गरिएको विधान संशोधन प्रस्तावलाई सर्वसम्मतीले अनुमोदन गर्ने निर्णय गर्यो।

## प्रपरेटोरी कमिटि महिला सदस्य पदमा निर्वाचन

मिति २०८२ मंसिर ४ गते साँझ छ बजेबाट प्रेपरेटोरी कमिटि महिला सदस्य पदको निर्वाचन कार्यक्रम गरिएको थियो।

उम्मेदवार इन्दु सुवेदी र प्रतिमा चापागाईंलाई दुई मिनेटमा आफ्नो मन्तव्य राख्नको लागि समय प्रदान गरिएको थियो। दुवै जनाले आफ्नो मन्तव्य राखिसकेपछि मतदानको कार्य प्रारम्भ गरिएको थियो। मतदान समापन भएपछि निर्वाचन अधिकृतले गणकहरूको सहयोगमा मत गणना गर्नुभएको थियो।

प्राप्त अन्तिम मत परिणामअनुसार प्रेपरेटोरी कमिटि महिला सदस्य पदको निर्वाचनमा प्रतिमा चापागाई निर्वाचित हुनुभयो।

कार्यक्रममा पूर्व अध्यक्ष चरण प्रसाईं र निर्वाचन अधिकृत सम्पूर्ण पौडेलले प्रेपरेटोरी कमिटि महिला सदस्य पदको निर्वाचनमा निर्वाचित प्रतिमा चापागाईलाई निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्नुभएको थियो।

## साधारण सभा समापन

समापन सत्रमा आफ्नो मन्तव्य राख्दै पूर्व अध्यक्ष चरण प्रसाईंले साधारण सभाको समापन सुखद् ढङ्गमा हुन लागिरहेकोमा सबैलाई बधाइ दिनुभयो। अध्यक्ष बिपिन बुढाथोकीलाई सर्वसम्मत रूपमा विधान संशोधनको एजेण्डालाई अग्रगमनको दिशामा अगाडि बढाउन सफल भएकोमा शुभकामना दिँदै सचिवालय, बोर्ड र मेम्बरसिपले मिलेर भोलिका दिनमा अगाडि बढ्नका लागि साधारण सभाबाट म्यान्डेट प्राप्त गरेको बताउनुभयो। अध्यक्ष बुढाथोकीले राम्रो लिडरसीप क्वालिटी देखाएको भन्दै सबै सहभागीहरूलाई स्टयान्डिन्ग ओबेसन दिन आग्रह गर्नुभयो। संस्थाको गरिमा रक्षा गर्न तथा जोखिम व्यवस्थामा अध्यक्ष बुढाथोकीले देखाएको क्षमताले संस्था सुरक्षित रहेको कुरामा विश्वस्त रहेको बताउनु भयो। सिमराको विषम परिस्थितिमा जसरी यो साधारण सभा सफल तरिकामा सम्पन्न भएको छ त्यसले पनि फरक सन्देश दिएको उहाँले बताउनुभयो। निर्देशक निराजन थपलियाको प्रोफेसनालिज्म, इन्टेग्रिटि र कोर वर्थका लागि पनि बधाई दिनुभयो र बोर्ड र सचिवालयलाई मिलेर अघि बढ्नका लागि शुभकामना दिँदै संस्थाभित्र मुख्य समस्या केही नभएको र संस्थामा आबद्ध सबैले आआफ्नो ठाउँबाट संस्थाको हितकै लागि त्याग गरेको स्मरण गराउनुभयो।

त्यसपछि प्रेपरेटोरी कमिटि महिला सदस्य पदमा निर्वाचित प्रतिमा चापागाईंलाई निर्वाचन अधिकृत संपूर्ण पौडेलले प्रमाणपत्र वितरण गर्नुभयो। सोपछि निर्देशक निराजन थपलियाले आफ्नो मन्तव्य राख्दै यदि संस्थाभित्र विश्वास र समबुझाइको वातावरणमा सङ्कट पैदा भयो वा गराइयो र त्यसमा यथा समयमै सहजीकरण गरिएन भने *शेक्सपियरियन ट्राजिडिज्को हमार्सिया* अर्थात *फेटल फ्ल* जस्तै त्यसले संस्था, परिवार वा इन्सिटिच्युसनलाई

भित्र भित्रै तहस नहस पार्दै लाने भएकोले त्यो जटिलताबाट हामी सबै बाहिर निस्किएर संस्थाभित्रका फरक आवाजहरूको यथोचित सम्मान गर्दै स्वस्थ संस्था निर्माण गर्न, मानवअधिकार अभियानलाई केन्द्रमा राखेर काम अघि बढाउन र हाम्रो आवाज र साथको आवश्यकतामा रहेकाहरूको लागि नै हामीले सम्पूर्ण ध्यान र उर्जा प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो।

त्यसपछि पूर्व अध्यक्ष ध्रुव कुमार कार्कीले पनि आफ्नो छोटो मन्तव्य राख्दै सबैलाई समेट्दै अगाडि बढ्ने गरी संस्थालाई अग्रगमन र सफलताको शुभकामना व्यक्त गर्नुभयो।

समापन मन्तव्य राख्दै अध्यक्ष बुढाथोकीले संस्थाका तीन अवयवहरू सदस्यता, बोर्ड र सचिवालय तीन तिर लाग्ने अवस्था आयो भने त्यसले जटिलता पैदा गर्ने सवालमा आफू सचेत रहेको र पूर्व अध्यक्षहरूको सल्लाह र सुझाव तथा मार्गनिर्देशनलाई समेत मध्यजनजर गर्दै सबैको जित हुनेगरी अघि बढ्न सफल भएकोमा सबैलाई धन्यवाद र बधाई व्यक्त गर्नुभयो। सबैजनाले एकैठाउँमा उभिएर एकताका भावका साथ काम नगर्नुको विकल्प नरहेको र कम्युनिकेसन गर्दा संवेदनशील ढङ्गमा गर्न अनुरोध गर्दै बाहिर हुने हल्ला भन्दा पनि अध्यक्ष र निर्देशकको कुरा सुनेर आफ्नो धारणा बनाउन अनुरोध गर्दै अब मेम्बरसिपभित्रको सबै खाले विभाजनलाई टुङ्गाएर अगाडि बढ्ने वातावरण तयार भएको बताउँदै समय व्यवस्थापन गर्नुहुने सबै अतिथि, पर्यवेक्षक र प्रतिनिधिलाई धन्यवाद व्यक्त गर्दै ३४ औं साधारण सभा समापन भएको जानकारी गराउनु भयो।

**संलग्न अनुसूची**

अनुसूची १ः ३४ औं साधारण सभामा सहभागीहरूको नाम दर्ताको सूची।

अनुसूची २ः नेसनल बोर्डद्वारा प्रस्तावित र साधारण सभाद्वारा अनुमोदित कार्यक्रम एजेण्डा।

**अनुसूची १**

३४ औं साधारण सभामा सहभागीहरूको नाम दर्ताको सूची।

**एम्नेस्टी नेपालका समूह, युथनेटवर्क र व्यक्तिगत सदस्यहरूका प्रतिनिधिहरू**

१. कोशी प्रदेशबाट १४ जना प्रतिनिधिमध्ये १२ जना, मधेश प्रदेशबाट ८ जना प्रतिनिधिमध्ये ५ जना, बागमती प्रदेश (उपत्यका बाहिर) बाट १७ जना प्रतिनिधिमध्ये १५ जना, बागमती प्रदेश (उपत्यका भित्र) बाट २७ जना प्रतिनिधिमध्ये २६ जना, गण्डकी प्रदेशबाट १० जना प्रतिनिधिमध्ये ९ जना, लुम्बिनी प्रदेशबाट १० जना प्रतिनिधिमध्ये ६ जना, कर्णाली प्रदेशबाट पाँच जना प्रतिनिधिमध्ये ३ जना र सुदूर पश्चिम प्रदेशका नौ जनामा नौजाने प्रतिनिधिहरू।

२. कुल उपस्थित प्रतिनिधि संख्या : ८५

| क्र.सं. | प्रदेश/क्षेत्र | प्रतिनिधिको नाम |
|---|---|---|
| १ | कोशी | नम्रता निरौला, समूह ६०, दमक, झापा |
| २ | | विमल राजभण्डारी, समूह ७३, विराटनगर, मोरङ्ग |
| ३ | | उषा शर्मा, समूह ८७, काँकडभिट्टा, झापा |

| क्र.सं. | प्रदेश/क्षेत्र | प्रतिनिधिको नाम |
|---|---|---|
| ४ | | प्रतीक्षा कार्की, देवी युथ नेटवर्क, विर्तामोड, झापा |
| ५ | | आदर्श पोखेल, व्यक्तिगत सदस्य |
| ६ | | प्रेम बहादुर बस्नेत, समूह ७५, दमक, झापा |
| ७ | | प्रिया पाण्डेय, दमक युथ नेटवर्क, दमक, झापा |
| ८ | | सविता श्रेष्ठ, समूह ७०, काँकडभिट्टा, झापा |
| ९ | | निरज राय, पाख्रीवास युथ नेटवर्क, धनकुटा |
| १० | | शिवेश ढुङ्गाना, दमक युथ नेटवर्क, दमक, झापा |
| ११ | | टिकाराम धमला, समूह ५८, विर्तामोड, झापा |
| १२ | | विशाल क्षेत्री, धुलाबारी युथ नेटवर्क, धुलाबारी, झापा |
| १३ | मधेश | हीरा भगत, समूह १५, जनकपुर |
| १४ | | दामोदर प्रसाद यादव, समूह २४, बारा |
| १५ | | जमुना कुमारी भुजेल, समूह ४६, जनकपुर |
| १६ | | मीना कुमारी साह, समूह ७, महोत्तरी |
| १७ | | लभ कुमार दास, जनकपुर युथ नेटवर्क, जनकपुर |
| १८ | बागमती (काठमाडौं उपत्यका बाहिर) १ | शुसिला भण्डारी, समूह २५, चितवन |
| १९ | | कालिका प्रसाद पण्डित, समूह ३३, चितवन |
| २० | | मञ्जु प्रभा लम्साल, समूह ३९, नुवाकोट |
| २१ | | बुद्धरत्न मानन्धर, समूह ४३, बनेपा |
| २२ | | गिता तिमल्सीना, समूह ५५, पनौती |
| २३ | | प्रताप डल्लाकोटी, समूह ६४, चितवन |
| २४ | | आशा ढकाल, समूह ६७, हेटौंडा |
| २५ | | राजेश कुमार श्रेष्ठ, समूह ७२, पनौती |
| २६ | | जमुना पसछे, समूह ७२, पनौती |

| क्र.सं. | प्रदेश/क्षेत्र | प्रतिनिधिको नाम |
|---|---|---|
| २७ | | निरज चौधरी, रामपुर युथ नेटवर्क, चितवन |
| २८ | | अब्सन लामिछाने, रामपुर युथ नेटवर्क, चितवन |
| २९ | | अनुसा आचार्य, फरेष्ट्री युथ नेटवर्क, हेटौंडा |
| ३० | | निरूपा खनाल, फरेष्ट्री युथ नेटवर्क, हेटौंडा |
| ३१ | | रत्नराज गिरी, काभ्रे युथ नेटवर्क, काभ्रे |
| ३२ | | सोवित कार्की, व्यक्तिगत सदस्य |
| ३३ | | बिना भण्डारी, समूह ८, काठमाडौं |
| ३४ | | सुर्य लक्ष्मी छुस्यावाग, समूह १७, भक्तपुर |
| ३५ | | रचना पण्डित, समूह १८, काठमाडौं |
| ३६ | बागमती (काठमाडौं उपत्यका भित्र) २ | सम्पदा खनाल, समूह २१, काठमाडौं |
| ३७ | | प्रताप बहादुर थापा, समूह ३२, काठमाडौं |
| ३८ | | विजय कुमार खरेल, समूह ३४, काठमाडौं |
| ३९ | | अन्नश्री भण्डारी, समूह, ३४, काठमाडौं |
| ४० | | राजु भाइ मानन्धर, समूह, ३५, काठमाडौं |
| ४१ | | शर्मिला श्रेष्ठ, समूह ५०, भक्तपुर |
| ४२ | | कृष्ण सिंह महत, समूह ५६, भक्तपुर |
| ४३ | | सरस्वती थापा, समूह ५६, भक्तपुर |
| ४४ | | सुजन महर्जन, समूह ६१, ललितपुर |
| ४५ | | जुना खड्का, समूह ८०, काठमाडौं |
| ४६ | बागमती (काठमाडौं उपत्यका) २ | नवराज वन, समूह ८०, काठमाडौं |
| ४७ | | विवस अधिकारी, नेसनल ल कलेज युथ नेटवर्क, ललितपुर |
| ४८ | | कृतिका त्रिपाठी, नेसनल ल कलेज युथ नेटवर्क, ललितपुर |
| ४९ | | शुलभ न्यौपाने, आयुर्वेद क्याम्पस युथ नेटवर्क, काठमाडौं |
| ५० | | सुदिक्षा भट्टराई, त्रिचन्द्र युथ नेटवर्क, काठमाडौं |

| क्र.सं. | प्रदेश/क्षेत्र | प्रतिनिधिको नाम |
|---|---|---|
| ५१ | | अविना पौडेल, त्रिचन्द्र युथ नेटवर्क, काठमाडौं |
| ५२ | | गौरव पाण्डे, त्रिचन्द्र युथ नेटवर्क, काठमाडौं |
| ५३ | | शेखर प्रसाद चालिसे, युनाइटेड युथ नेटवर्क, काठमाडौं |
| ५४ | | आशिका रोका, युनाइटेड युथ नेटवर्क, काठमाडौं |
| ५५ | | रोशनी खड्का, क्वालिटी युथ नेटवर्क, भक्तपुर |
| ५६ | | सुकृति श्रेष्ठ, मेडिकोज युथ नेटवर्क, काठमाडौं |
| ५७ | | सुशान्त पराजुली, नेपाल युथ नेटवर्क, काठमाडौं |
| ५८ | | जया पाठक, व्यक्तिगत सदस्य |
| ५९ | गण्डकी | सुरक्षा घर्ती, समूह २७, लमजुङ |
| ६० | | सुमन बसौला, समूह २७, लमजुङ |
| ६१ | | राधिका भुसाल, समूह ४०, कावासोती |
| ६२ | | नरेश प्रसाद बराल, समूह ८२, पोखरा |
| ६३ | | मुना खनाल, समूह ८२, पोखरा |
| ६४ | | कोमल खड्का, कृषि क्याम्पस युथ नेटवर्क, लमजुङ |
| ६५ | | सुधांशु लामिछाने, कृषि क्याम्पस युथ नेटवर्क, लमजुङ |
| ६६ | | प्रशंसा पौडेल, पुरनचौर युथ नेटवर्क, कास्की |
| ६७ | | डिबिना थापा, व्यक्तिगत सदस्य |
| ६८ | लुम्बिनी | अमृता रोकाया, समूह ३७, रुपन्देही |
| ६९ | | प्रशना बस्नेत, भिक्टोरिया युथ नेटवर्क, दाङ |
| ७० | | ममता के.सी., अम्विकेश्वरी युथ नेटवर्क, दाङ |
| ७१ | | विजय विष्ट, अम्विकेश्वरी युथ नेटवर्क, दाङ |
| ७२ | | जनक दीप कोइराला, लमही युथ नेटवर्क, दाङ |
| ७३ | | पर्यास चौधरी, व्यक्तिगत सदस्य |

| क्र.सं. | प्रदेश/क्षेत्र | प्रतिनिधिको नाम |
|---|---|---|
| ७४ | कर्णाली | प्रनिता खड्का, काँक्रेबिहार युथ नेटवर्क, सुर्खेत |
| ७५ | | सरिता पाण्डे, वीरेन्द्रनगर युथ नेटवर्क, सुर्खेत |
| ७६ | | सीता थापा, समूह ६९, सुर्खेत |
| ७७ | सुदुर पश्चिम | बिमला भट्ट, समूह २९, कञ्चनपुर |
| ७८ | | सन्तोष पाण्डेय, निङ्गलाशैनी युथ नेटवर्क, बैतडी ऐश्वर्या |
| ७९ | | खिना कुमारी बोगटी, निङ्गलाशैनी युथ नेटवर्क, बैतडी ऐश्वर्या |
| ८० | | सरस्वती खनाल, समूह २८, अछाम |
| ८१ | | रबिन सिंह नायक, कैलाली युथ नेटवर्क, कैलाली |
| ८२ | | आशिका कुमारी पनेरू, कैलाली युथ नेटवर्क, कैलाली |
| ८३ | | मथुराप्रसाद न्यौपाने, समूह ८९, टिकापुर, कैलाली |
| ८४ | | निलम बिस्ट, व्यक्तिगत सदस्य |
| ८५ | | बेबी बोहोरा, समूह ४९, कञ्चनपुर |

**नेसनल बोर्डका पदाधिकारीहरू**

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | बिपिन बुढाथोकी | अध्यक्ष |
| २ | केशव पोखरेल | उपाध्यक्ष |
| ३ | शचिता कुँइकेल | महासचिव |
| ४ | होम बहादुर अधिकारी | कोषाध्यक्ष |
| ५ | एलिसा महत | सदस्य |
| ६ | वैकुण्ठ प्रसाद अर्याल | सदस्य |
| ७ | लोकेन्द्र सिह | सदस्य |
| ८ | मौसम कार्की | सदस्य |
| ९ | सुमन कुमार | सदस्य |

## पुनरावेदन समितिका पदाधिकारीहरू

| क.सं. | नाम | पद |
|---|---|---|
| १ | देवेन्द्र कुमार सेजुवाल | संयोजक |
| २ | निकी कर्ण | सदस्य |

## नोमिनेसन कमिटीका पदाधिकारीहरू

| क.सं. | नाम | पद |
|---|---|---|
| १ | रोशन बजगाईं | संयोजक |
| २ | कल्पना खड्का | सदस्य |
| ३ | अप्रिल अधिकारी | सदस्य |

## प्रेपरेटोरी कमिटी (प्रेपकम) का सदस्यहरू

| क.सं. | नाम | पद |
|---|---|---|
| १ | कविन्द्र नेपाल | सदस्य |
| २ | प्रतिमा चापागाई | सदस्य |

## निर्वाचन अधिकृत

| क.सं. | नाम | पद |
|---|---|---|
| १ | सम्पूर्ण पौडेल | निर्वाचन अधिकृत |

## नेसनल बोर्डद्वारा आमन्त्रित अतिथि तथा पर्यवेक्षकहरू

| क.सं. | नाम | पद |
|---|---|---|
| १ | चरणकुमार प्रसाईँ | पूर्व अध्यक्ष, एम्नेस्टी नेपाल |
| २ | राजु सरकार | पूर्व अध्यक्ष, एम्नेस्टी नेपाल |
| ३ | प्रदिप पोखरेल | पूर्व अध्यक्ष, एम्नेस्टी नेपाल |
| ४ | ध्रवकुमार कार्की | पूर्व अध्यक्ष, एम्नेस्टी नेपाल |
| ५ | शम्भू ठाकुर | पूर्व अध्यक्ष, एम्नेस्टी नेपाल |
| ६ | सूर्य बहादुर अधिकारी | पूर्व अध्यक्ष, एम्नेस्टी नेपाल |
| ७ | राजन प्रसाद कुइँकेल | पूर्व अध्यक्ष, एम्नेस्टी नेपाल |
| ८ | विक्रम ढुकुछु | पूर्व अध्यक्ष, एम्नेस्टी नेपाल |
| ९ | डा. राम कुमार भण्डारी | अधिकारकर्मी |
| १० | चन्द्रकिशोर झा | वरिष्ठ पत्रकार |
| ११ | शैलेन्द्र अम्वेडकर | अधिवक्ता |
| १३ | कैलाश रानी राई | अनुसन्धानकर्ता |
| १४ | विष्णु आचार्य (प्रणेता) | अधिकारकर्मी |

| क.सं. | नाम | पद |
|---|---|---|
| १५ | पुरुषोत्तम दाहाल | वरिष्ठ पत्रकार तथा अधिकारकर्मी |
| १६ | बुद्ध नारायण सहनी केवत | प्रमुख अतिथि, राष्ट्रिय मानव अधिकार आयोग, मधेश प्रदेश कार्यालय प्रमुख |
| १७ | पार्वता आचार्य | समूह ३६, प्युठान |
| १८ | आनन्द कुमार निषाद | राष्ट्रिय मानव अधिकार आयोग, जनकपुर |
| १९ | दिपक ठाकुर | राष्ट्रिय मानव अधिकार आयोग, जनकपुर |

**राष्ट्रिय सचिवालयका कर्मचारीहरू**

| क.सं. | नाम | पद |
|---|---|---|
| १ | निराजन थपलिया | निर्देशक |
| २ | अस्मिता सापकोटा | अभियान संयोजक |
| ३ | मरिसा टेलर | मिडिया तथा सञ्चार संयोजक |
| ४ | प्रशान्त त्रिपाठी | आईटी म्यानेजर |
| ५ | कल्पना खड्का | एड्मिन एण्ड फाइनान्स म्यानेजर |
| ६ | चक्रकुमार प्रधान | सदस्यता इन्चार्ज |
| ७ | सुनिता राई | प्रशासनिक तथा वित्तीय सहायक |
| ८ | जगन्नाथ आचार्य | कार्यालय सहायक |

**स्वयंसेवकहरू**

| क.सं. | नाम | समूह/युथ नेटवर्क |
|---|---|---|
| १ | सुनिल कुमार महरा | समूह १६, विरगञ्ज, |
| २ | अशोक कुमार साह | समूह २४, बारा |
| ३ | मिरा महतो | समूह २४, बारा |
| ४ | दिपेन्द्र यादव | समूह २४, बारा |

**अनुसूची २**

नेसनल बोर्डद्वारा प्रस्तावित र साधारण सभाद्वारा अनुमोदित कार्यक्रम एजेण्डा।

**प्रस्तावित कार्यक्रम (एजेण्डा)**

| | |
|---|---|
| २०८२ मङ्सिर ०३ (१९ नोभेम्बर २०२५), बुधबार | |
| ०९:०० - १४:०० | सहभागीहरूको आगमन र नाम दर्ता |
| १४:०० - १६:०० | ३४ औं साधारण सभा उद्घाटन सत्र |
| १६:०० - १६:१५ | ह्युमन राइट्स् याक्सन |
| १६:१५ - १६:४५ | चिया/कफि/हाइ टि |
| १६:४५ - १७:४५ | मानवअधिकार सत्र, प्यानल छलफल |
| १७:४५ | पहिलो दिनको कार्यक्रम समापन |
| | रात्री भोजन |
| २०८२ मङ्सिर ०४ (२० नोभेम्बर २०२५), बिहिबार<br>बन्द सत्र | |
| ०९:०० - ०९:१५ | • गणपुरक सङ्ख्याको जानकारी<br>• प्रस्तावित कार्यक्रम (एजेण्डा) अनुमोदन<br>• गणक (Tellers) र प्रतिवेदक (Rapporteur) को नियुक्ति अनुमोदन<br>• साधारण सभा कार्यक्रम र यसको सञ्चालन ढाँचा सम्बन्धमा जानकारी |
| ०९:१५ - १०:०० | आ.व. २०८१/२०८२ को वार्षिक कार्यक्रम प्रतिवेदन प्रस्तुत/छलफल र अनुमोदन |
| १०:०० - १०:३० | सन् २०२६ को कार्ययोजना र बजेट प्रस्तुत/छलफल र अनुमोदन |
| **चिया कफी ब्रेक** | |
| १०:४५ - ११:१० | नेसनल बोर्डको आ.व. २०८१/२०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत/छलफल र अनुमोदन |
| ११:१० - ११:४० | आ.व. २०८१/२०८२ को आर्थिक र लेखापरीक्षण प्रतिवेदन प्रस्तुत/छलफल र अनुमोदन |
| ११:४० - १२:५० | आ.व. २०८२/२०८३ को लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्तिसम्बन्धी प्रतिवेदन प्रस्तुत/छलफल र अनुमोदन |
| १२:५० - १३:०० | निर्वाचन कार्यक्रम सम्बन्धमा जानकारी |
| १३:०० - १४:०० | दिवा भोजन |
| १४:०० - १६:०० | विधान संशोधनसम्बन्धी प्रस्तावमाथि छलफल र निर्णय |
| १६:०० - १७:३० | निर्वाचन कार्यक्रम, मतपरिणाम |
| १७:३० | समापन कार्यक्रम |
| १९:०० | रात्रि भोजन |
| २०८२ मङ्सिर ०५ (२१ नोभेम्बर २०२५), शुक्रबार | |
| ०७:३० देखि | ब्रेकफास्ट र प्रस्थान |